संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार
उच्चायुक्तको कार्यालय, नेपाल
बुधबार, २०६६ फागुन ५

**मैना सुनुवारको घटनामा पक्राउ पुर्जीलाई कार्यान्वयन गरी दण्डहीनतालाई अन्त्य गर्ने प्रतिबद्धता दर्शाउन उच्चायुक्तको कार्यालयद्वारा सरकारलाई आग्रह**

फागुन ५, काठमाडौं – संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालका प्रमुख रिचर्ड बेनेटले सशस्त्र फौजका सदस्यहरूद्वारा मैना सुनुवारको यातना तथा हत्या भएको छैठौं वार्षिकीका अवसरमा दुई वर्षभन्दा अगाडि शङ्कित व्यक्तिहरूविरुद्ध जारी गरिएका पक्राउ पुर्जीलाई लागू गराउन सरकारलाई आह्वान गर्नुभएको छ। उहाँले चालु न्यायिक कारबाही तथा प्रहरी अनुसन्धानमा सहयोग पुर्‍याउन र बाँकी रहेका सेवारत शङ्कित व्यक्तिलाई नेपाल प्रहरीसमक्ष बुझाउन गरिएको अनुरोधको पालना गर्न सेनालाई आग्रह गर्नुभएको छ, जसले गर्दा निजलाई काभ्रे जिल्ला अदालतमा उपस्थित गराउन सकियोस्।

सन् २००४ फेब्रुअरी १७ (वि.सं. २०६० फागुन ५) मा १५ वर्षीया मैना सुनुवारलाई पाँचखालस्थित श्री वीरेन्द्र शान्तिकार्य तालिम केन्द्रको मैदानमा यातना दिई हत्या गरिएको थियो। सन् २००७ सेप्टेम्बरमा सर्वोच्च अदालतले उक्त घटनाको अनुसन्धान गर्न तथा सो मुद्दालाई काभ्रे जिल्ला अदालतसमक्ष ल्याउन आदेश दियो। सन् २००८ मा फौजदारी अभियोग दर्ता गरियो र चारजना शङ्कितहरूका लागि पक्राउ पुर्जी जारी गरियो तर त्यसलाई कहिल्यै पनि कार्यान्वयन गरिएन।

सन् २००९ सेप्टेम्बरमा जिल्ला अदालतले नेपाली सेनालाई आफूले सङ्कलन गरेका साक्षीहरूको बयान प्रस्तुत गर्न तथा सेनानी निरञ्जन बस्नेतलाई निलम्बन गर्न आदेश दियो। अदालतको आदेशको पालना गर्न सेना विफल भयो बरु उसले निज बस्नेतलाई मध्य अफ्रिकी गणतन्त्र तथा चाडस्थित संयुक्त राष्ट्रसङ्घीय मिसन (मिनुरक्याट)मा सेवारत सेनाको टुकडीमा खटायो। सन् २००९ डिसेम्बरमा सेनानी बस्नेतलाई स्वदेश फिर्ता बोलाइयो। उनी फिर्ता भएपछि निजलाई तत्काल प्रहरीमा बुझाइयोस् भन्ने सरकारी अनुरोधका बाबजुद सेनाले निजलाई हिरासतमा लियो भनियो। अरू शङ्कितहरू फरार रहेका छन्। यो घटना द्वन्द्वरत दुवै पक्ष र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायका लागि एकै बिन्दुमा आएर आवाज उठाउने साधन भएको छ। उनीहरूले यसै विषयलाई लिएर मानवअधिकार उल्लङ्घनमा जवाफदेहीताको माग गरिरहेका छन्।

> “गत ६ वर्षदेखि मैना सुनुवारको घटनामा न्यायको माग गर्दै उच्चायुक्तको कार्यालयले अरू सँगसँगै मिलेर आवाज उठाइरहेको छ। सर्वोच्च अदालत तथा काभ्रे अदालत दुवैले आदेशहरू जारी गरेका छन्। महान्यायाधिवक्ताको कार्यालयले अभियोगहरू दर्ता गराएको छ। नेपाल प्रहरी, गृह मन्त्रालय, राष्ट्रिय मानवअधिकार आयोग एवं वरिष्ठ मानवअधिकार रक्षकहरूले शङ्कितहरूलाई अदालतसमक्ष उपस्थित गराइयोस् भनी अनुरोध गरेका छन्,” उच्चायुक्तको कार्यालयका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो। “अदालतको आदेशमा भएको सेनाको असहयोगले न्यायपालिकाको स्वतन्त्रतालाई अवमूल्यन गर्ने खतरा ल्याउनुका साथै एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) जस्ता अन्य समूहहरू संलग्न भएका मानवअधिकारसम्बन्धी सबै घटनाहरूमा यसले नकारात्मक नजिर खडा गरेको छ।”

**For further information contact Chun B. Gurung, tel: 4280164, Ext 320; 98510 16937 (mobile), cgurung@ohchr.org**
**Website: http://nepal.ohchr.org**